# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत

# जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
कुश्मा, पर्वत, नेपाल

वर्षः ३ अंकः २६ महिनाः २६ चैत्र २०८२

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा चैत्र महिनामा सम्पादित कार्यक्रम

### औषधी तथा औषधीजन्य सामाग्रीहरुको Quantification and Forecasting Workshop कार्यक्रम

मिति २०८२/१२/०५ देखि १२/०६ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा जिल्लाका स्थानिय तहका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य शाखा प्रमुखहरुका लागि औषधी तथा औषधीजन्य सामाग्रीहरुको Quantification and Forecasting Workshop कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्रीराज आचार्य ज्युको अध्यक्षतामा प्रदेश जनस्वास्थ्य कार्यालयको सभाहलमा सम्पन्न भएको छ। स्थानिय तहहरुमा आवश्यक पर्ने आधारभुत औषधीहरुको परिमाण निर्धारण, आवश्यक बजेटको अनुमान गर्ने,आपुर्ति योजना तयार गर्ने र आकलन गरिएको परिमाणसँग आर्थिक स्रोतको तुलना गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरिएको छ। कार्यक्रममा जलजला गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत अञ्जली पि.सी,प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क सहायक रामचन्द्र सुवेदीको सहजिकरण रहेको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तथा जिल्लाका सातवटै स्थानीय तहवाट स्वास्थ्य शाखा प्रमुख तथा प्रतिनिधि गरी जम्मा १५ जनाको सहभागिता रहेको थियो।









# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा चैत्र महिनामा सम्पादित कार्यक्रम

## विश्व क्षयरोग दिवस २०२६को अवसरमा

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्तरीय हाजिरी जवाफ प्रतियोगिता

प्रदेश जनस्वास्थ्य कार्यालयपर्वतको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पर्वत जन स्वास्थ्य कार्यालय पर्वत र फलेवास नगरपालिकाको संयुक्त आयोजनामा विश्व क्षयरोग दिवस-२०८२ (२४ मार्च, २०२६) को अवसरमा मिति २०८२/१२/१० का दिन फलेबास नगरपालिकामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्तरीय हाजिरी जवाफ कार्यक्रम सफलतापुर्वक सम्पन्न भयो । प्र.ज.स्वा.का. पर्वतका कार्यालय प्रमुख श्री बद्रिराज आचार्य को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथिको आथित्यता फलेवास न.पा.का प्रमुख गंगाधर तिवारीले गर्नु भएको थियो भने कार्यक्रममा विशिष्ट अतिथिको आथित्यता फलेबास नगरपालिकाका उपप्रमुख शोभा कुमारी क्षेत्री ले गर्नु भएको थियो। प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प.नि.सु.नी. श्री नारायण प्रसाद रेग्मीले सञ्चालन गर्नु भएको कार्यक्रममा स्वागत मन्तव्य फलेबास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री रुद्र शर्मा सापकोटाले दिनु भए पश्चात कार्यक्रमको प्राविधिक सत्र सुरु भएको थियो । प्राविधिक सत्र यस कार्यालयका जनस्वास्थ्य अधिकृत श्री सन्देश पोखेल ले सन्चालन गर्नु भएको थियो । सिधा उत्तर राउण्ड, Choice राउण्ड र भिजुअल राउण्ड गरी ३ राउण्ड मा प्रश्नोतर गरिएको सो कार्यक्रममा फ.न.पा का ११ वटै वडा बाट प्रत्येक वडा बाट ३ जना गरी कुल ३३ जना म.सा.स्वा.स्वयंसेविका को सहभागिता रहेको थियो ।

प्रतियोगितामा वडा नं.२ थापाठाना ले प्रथम, वडा नं.१ कार्किनेटा ले द्बितीय एवं वडा नं.९ भगराले तृतीय स्थान हासिल गरेका छन् । यस कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका निभाउनु हुने फलेवास न.पा., स्वास्थ्यकर्मी एवं सकृय सहभागीता जनाउनु हुने म.सा.स्वा.स्वयंसेविका ज्यु हरु मा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत हार्दिक आभार व्यक्त गर्दछौं ।











dhoparbat44@gmail.com phoparbat.gandaki.gov.np 067-420119

# आ.व २०८२/०८३ मा सम्पादित एकिकृत स्वास्थ्य कार्यक्रमहरुको अर्धवार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी

मिति २०८२/१२/१७ देखि १२/१९ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा जिल्लाका स्थानिय तहका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य शाखा प्रमुखहरु, तथ्याङ्क ब्यवस्थापनमा कार्यरत कर्मचारीहरु तथा प्रदेश अस्पतालका तथ्याङ्क शाखा, ईन्डोर शाखा तथा MCH शाखाका प्रमुख तथा प्रतिनिधिहरु विच आ.व २०८२/०८३ मा सम्पादित एकिकृत स्वास्थ्य कार्यक्रमहरुको अर्धवार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी साथै पर्वत जिल्लाका स्वास्थ्य संस्थाहरुको भौगोलिक अवस्थिति,स्वास्थ्य संस्था पञ्जिकरण (NHFR) एवं स्वास्थ्य जनशक्ति ब्यवस्थापन सुचना प्रणाली(NHWMIS)को अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्रीराज आचार्य ज्युको अध्यक्षतामा प्रदेश जनस्वास्थ्य कार्यालयको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रममा गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव श्रीमान् खिम बहादुर खड्का ज्युको आतिथ्यता रही आवश्यक सुझाव एवं निर्देशन दिनुभएको थियो साथै प्रदेश अस्पतालका नि.मे.सु. ढुण्डीराज पौडेलले मन्तब्य राख्नुभएको थियो।जनस्वास्थ्य कार्यक्रमका ७ वटा क्षेत्रहरुमा ग्रुप विभाजन गरी Thematic presentation प्रस्तुत गरिएको थियो।पालिका स्तरमा सम्पादीत स्वास्थ्य कार्यक्रमहरुको समिक्षा गरी लक्ष्य अनुसारको प्रगतिको समिक्षा गर्ने तथा लक्ष्य अनुसारका प्रगति हुन नसक्नाका कारणहरु तथा समाधानका उपायहरु पत्ता लगाउने साथै स्वास्थ्य संस्थाको भौगोलिक अवस्थिती, स्वास्थ्य संस्था पञ्जिकरण तथा स्वास्थ्य जनशक्तिको विवरण अध्यावधिक गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरिएको हो। कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालयका तथ्याङ्क सहायक रामचन्द्र सुवेदीले गर्नुभएको थियो । कार्यक्रममा सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्रीराज आचार्य,जनस्वास्थ्य अधिकृत सन्देश पोखेल तथा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क सहायक रामचन्द्र सुवेदीको रहेको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तथा जिल्लाका सातवटै स्थानीय तहवाट स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य शाखामा कार्यरत तथ्याङ्क ब्यवस्थापनमा कार्यरत कर्मचारीहरु तथा प्रदेश अस्पतालका तथ्याङ्क, ईन्डोर तथा MCH शाखावाट सहभागिता रहेको थियो।






# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा चैत्र महिनामा सम्पादित कार्यक्रम

## मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम सम्बन्धी अभिमुखीकरण एवं समिति गठन

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) कार्यक्रम मिति २०८२/१२/२३ देखि २०८२/१२/३० गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा तथा सम्बन्धित स्थानीय तहहरूको समन्वयमा पालिका स्तरमा समिति गठन एवं अभिमुखीकरण कार्यक्रम संचालन गरी सफलतापूर्वक सम्पन्न गरिएको छ ।कार्यक्रम अन्तर्गत MPDSR समितिको अभिमुखीकरण तथा गठन मिति २०८२/१२/२३ मा जलजला गाउँपालिका, २०८२/१२/२६ मा बिहादी गाउँपालिका र फलेवास नगरपालिका, २०८२/१२/२७ मा पैयु गाउँपालिका र मोदी गाउँपालिका तथा मिति २०८२/१२/३० मा महाशिला गाउँपालिकामा सम्पन्न गरिएको थियो । कार्यक्रम सम्बन्धित स्थानीय तहका समिति अध्यक्ष एवं पालिका उपप्रमुखको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाका अध्यक्ष, स्वास्थ्य शाखा प्रमुख, नर्सिङ फोकल पर्सनहरू तथा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प्रमुख सहितको प्राविधिक टोलीको सक्रिय सहभागिता रहेको थियो। अभिमुखीकरणका क्रममा MPDSR कार्यक्रमको परिचय तथा महत्व, विभिन्न तहका समितिको भूमिका, काम, कर्तव्य र अधिकार, मृत्यु सूचना (Notification), स्क्रिनिङ तथा भर्बल अटोप्सी सम्बन्धी प्रक्रियाबारे जानकारी प्रदान गरिएको थियो । सो भन्दा अघि जिल्लाभरका स्वास्थ्य संस्थामा स्वास्थ्य संस्था स्तरीय MPDSR समिति गठन एवं अभिमुखीकरण सम्पन्न भएको थियो।

यस कार्यक्रमको मुख्य उद्देश्य मातृ तथा नवजात शिशु मृत्युका कारण पहिचान गर्ने, मृत्यु भएका घटनाको समयमै सूचना संकलन तथा प्रतिवेदन सुनिश्चित गर्ने, स्वास्थ्य संस्थामा मृत्यु समीक्षा प्रक्रिया सुदृढ गर्ने, भविष्यमा यस्ता मृत्यु न्यूनिकरण गर्न सुधारात्मक कार्ययोजना तयार गर्ने तथा स्वास्थ्यकर्मी, स्थानीय तह र सरोकारवालाबीच समन्वय अभिवृद्धि गर्नु रहेको छ । राष्ट्रिय नीति तथा निर्देशन अनुसार MPDSR प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्दै मातृ तथा नवजात मृत्यु निवारण गर्ने लक्ष्यसहित कार्यक्रम संचालन गरिएको हो ।








## आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार (BHS/STP) सम्बन्धी तीन दिने अभिमुखीकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८२ चैत्र २६ गतेदेखि २८ गतेसम्म आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार (BHS/STP) सम्बन्धी तीन दिने अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक संचालन भई सम्पन्न भएको छ ।स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने, आधारभूत तहमा प्रदान गरिने उपचार सेवालाई मानकीकरण गर्ने तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा पर्वत जिल्लाका सातै वटा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरू तथा प्रदेश अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरू गरी जम्मा ३० जनाको सक्रिय सहभागिता रहेको थियो ।कार्यक्रमको उद्घाटन सत्रमा आधारभूत स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयन, सेवाग्राहीमैत्री स्वास्थ्य सेवा प्रवाह, उपचार प्रणालीको एकरूपता तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुधारका विषयमा विशेष जोड दिइएको थियो । अभिमुखीकरण अवधिभर सहभागीहरूलाई BHS/STP सम्बन्धी राष्ट्रिय मापदण्ड, रोग पहिचान तथा व्यवस्थापन, उपचार प्रोटोकलको प्रयोग, रेफरल प्रणाली, अभिलेखीकरण तथा प्रतिवेदन व्यवस्थापन लगायतका विषयहरूमा सैद्धान्तिक तथा व्यवहारिक जानकारी प्रदान गरिएको थियो ।

कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाइजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो । सहजीकरणको जिम्मेवारी मादी आधारभूत अस्पताल, कास्कीका मेडिकल अधिकृत श्री डा. विनोद बराल तथा महाशिला आधारभूत अस्पताल, पर्वतका मेडिकल अधिकृत श्री डा. सनम ढकालले निर्वाह गर्नु भएको थियो । उहाँहरूले सहभागीहरूलाई स्वास्थ्य सेवाको स्तरीय उपचार सम्बन्धी व्यावहारिक अनुभव, केस आधारित छलफल तथा अन्तरक्रियामार्फत विषयवस्तु स्पष्ट पार्नु भएको थियो ।कार्यक्रम अन्त्यमा सहभागी स्वास्थ्यकर्मीहरूले प्राप्त ज्ञान तथा सीपलाई आफ्ना कार्यस्थलमा प्रभावकारी रूपमा प्रयोग गरी आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न प्रतिबद्धता व्यक्त गरेका थिए । साथै यस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमले स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी, पहुँचयोग्य तथा गुणस्तरीय बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको थियो ।






# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा चैत्र महिनामा सम्पादित कार्यक्रम

## नसर्ने रोगसम्बन्धी स्क्रिनिङ शिविर

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको व्यवस्थापन, प्रदेश अस्पताल पर्वतको प्राविधिक सहयोग तथा प्रदेश आयुर्वेद चिकित्सालय पर्वतको परामर्श र संयुक्त आयोजनामा, पैयु गाउँपालिका पर्वतको समन्वयमा नसर्ने रोगसम्बन्धी स्क्रिनिङ शिविर मिति २०८२/१२/२८ गते पैयु गाउँपालिका–स्थित हुवास बहुमुखी क्याम्पसमा सफलतापूर्वक सम्पन्न भएको छ ।समुदायस्तरमै नसर्ने रोगहरूको समयमै पहिचान, रोकथाम तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको उक्त शिविरमा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । शिविरमार्फत उच्च रक्तचाप, मधुमेह लगायत नसर्ने रोगको जोखिम मूल्याङ्कन, स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्श सेवा प्रदान गरिएको थियो । कार्यक्रममा जम्मा १४४ जना सेवाग्राहीहरूले स्वास्थ्य सेवा प्राप्त गरेका थिए ।पैयु गाउँपालिका उपाध्यक्ष श्रीमती यामकुमारी रानाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा प्रदेश अस्पताल पर्वतका अध्यक्ष श्री याम परियारले विशेष मन्तव्य व्यक्त गर्नु भएको थियो । शिविरका क्रममा सेवाग्राहीहरूको रक्त नमूना तथा पिसाब परीक्षणका लागि संकलन गरिएको छ । परीक्षणको नतिजाका आधारमा मिति २०८३/०१/०२ गते गाउँपालिकामै परामर्श सेवा, रोग अनुसार अभिमुखीकरण तथा आवश्यक स्वास्थ्य सुझाव प्रदान गर्ने कार्यक्रम तय गरिएको छ ।कार्यक्रममा प्रदेश अस्पताल पर्वतका मेडिकल सुपरिटेन्डेन्ट डा. ढूण्डिराज पौडेल सहित मेडिकल अधिकृतहरू, स्वास्थ्यकर्मीहरू, जनप्रतिनिधिहरू तथा सम्बन्धित कर्मचारीहरूको सक्रिय सहभागिता तथा उपस्थिति रहेको थियो । उक्त शिविरले समुदायस्तरमा नसर्ने रोगको प्रारम्भिक पहिचान र जनचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याएको विश्वास व्यक्त गरिएको छ ।












एक स्वास्थ्य (One Health):
मानव, पशुपन्छी र वातावरण बीचको सम्बन्ध
जब हामी वातावरणमा प्रदूषक, विषालु पदार्थ र रसायनहरु छाड्छौं,
औद्योगिक वस्तु उत्पादनका क्रममा, कृषि तथा खेतीपातीका काममा, यातायातका गतिविधिहरु मार्फत
सबैभन्दा पहिले वातावरण प्रदूषित हुन्छ ।
यी रसायनहरू बोटबिरुवा र पशुपन्छीले लिन्छन् र खाद्य शृङ्खलामा प्रवेश गर्छन्,
अन्ततः ती रसायनयुक्त खाद्य पदार्थ मानिसहरूले सेवन गर्दछन्,
परिणामस्वरूप तीव्र विषाक्तता (acute poisoning), दीर्घकालीन अपाङ्गता र मृत्यु समेत हुन सक्छ ।
World Health Organization
Nepal
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र


एक स्वास्थ्य (One Health):
मानव, पशुपन्छी र वातावरण बीचको सम्बन्ध
एन्टीबायोटिक औषधीहरूको दुरुपयोग वा अत्यधिक प्रयोग गर्दा,
मानिस, पशुपन्छी र बोटबिरुवामा संक्रमणको रोकथाम तथा उपचारमा प्रयोग हुने एन्टीबायोटिक औषधीले काम गर्न छोड्छन् ।
यसले रोग फैलिने, गम्भीर रोग लाग्ने, अपाङ्गता हुने र मृत्यु समेत हुनसक्ने जोखिम बढाउँछ ।
एन्टीबायोटिकहरु जथाभाबी फ्याँक्ने वा उचित व्यवस्थापन नगर्दा
ती माटो तथा वातावरणमा मिसिन गई मानिस, पशुपन्छी तथा बोटबिरुवामा प्रतिजैविक प्रतिरोधको जोखिम बढाउन सक्छन् ।
World Health Organization
Nepal
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र


एक स्वास्थ्य (One Health):
मानव, पशुपन्छी र वातावरण बीचको सम्बन्ध
मानवले भूमिको जथाभवी प्रयोग र वन विनाश गर्दा
प्राकृतिक रूपमा बसोबास गर्ने पशुपन्छीहरूलाई प्रत्यक्ष असर पर्दछ ।
वन्यजन्तुहरु खाना र पानीको खोजीमा मानव बस्ती नजिक आउन बाध्य हुन्छन् ।
यसले वन्यजन्तु, घरपालुवा जनावर र मानवबीच रोग सर्ने जोखिम बढाउँछ ।
World Health Organization
Nepal
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र


एक स्वास्थ्य (One Health):
मानव, पशुपन्छी र वातावरण बीचको सम्बन्ध
प्रतिजैविक औषधीको प्रयोग ?
खाद्य विषाक्तता (Food poisoning)?
कोभिड-१९?
जलवायु परिवर्तन ?
वायु प्रदूषण ?
बर्ड फ्लु ?
लामखुट्टेको टोकाइ?
हाम्रो स्वास्थ्य हामी बसोबास गर्ने वातावरण, पशुपन्छी र वनस्पतिसँग नजिकबाट जोडिएको छ र तिनीहरुबाट प्रत्यक्ष रूपमा प्रभावित हुन्छ ।
हाम्रो स्वास्थ्य सुरक्षित राख्नका लागि वातावरण, वनस्पति र पशुपन्छीको स्वास्थ्य संरक्षण पनि उत्तिकै आवश्यक छ ।
एक स्वास्थ्य (One Health) अवधारणाले सबै क्षेत्रलाई एकसाथ सहकार्य गर्दै स्वस्थ समाज निर्माणतर्फ अघि बढ्न प्रेरित गर्छ ।
World Health Organization
Nepal
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# पर्वत जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा चैत्र महिनामा सम्पादित कार्यक्रम

## कुश्मा नगरपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक समीक्षा बैठक सम्पन्न।
- विश्व क्षयरोग दिवस २०८२ को अवसरमा कुश्मा नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूबाट टोल, आमा समूह तथा समुदायमा विश्व क्षयरोग दिवश मनाउने, स्वास्थ्य शिक्षा प्रदान गर्ने तथा क्षयरोगका बिरामी भएका टोलहरूमा सक्रिय क्षयरोगी खोजी गर्ने कार्यक्रम सम्पन्न।
- नसर्ने रोग (NCD) को स्क्रिनिङ शिविर १३ वटै वडाको समुदाय स्तरमा सम्पन ।
- सुनौला हजार दिनको बाल बालिकाहरूको पोषण सम्बन्धी लेखाजोखा गर्ने तथा पोषणयुक्त खानाको पर्दशनी तथा स्वास्थ्य शिक्षा दिने कार्य सम्पन्न गरियो।
- मानसिक स्वास्थ्य सचेतना अभियानका लागि विध्यालय तथा समुदाय सचेतना कार्यक्रम सम्पन्न।
- पुर्ण खोप शुनिश्चितताका लागि विधालय तथा घरधुरी सर्वेक्षण गर्ने कार्य सम्पन्न गरियो।

## पैयुँ गाउँपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न।
- विश्व क्षयरोग दिवस २०८२ को अवसरमा पैयूँ गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूबाट टोल, आमा समूह तथा स्थानीय सरोकारवालाहरूलाई क्षयरोग सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने तथा क्षयरोगका बिरामी भएका टोलहरूमा सक्रिय क्षयरोगी खोजी गर्ने कार्यक्रम सम्पन्न।
- नसर्ने रोग (NCD) को स्क्रिनिङ शिविर १४४ जनाको स्वास्य परिक्षण तथ रक्त नमुना संकलन गरि हुवास वहुमुखी क्याम्प्समा शिविर सम्पन्न।
- पालिका स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) समितिको अभिमुखीकरण तथा गठन।
- सम्पूर्ण स्वास्थ्य संस्था अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) सम्बन्धी तालिम प्रदान तथा वडा स्तरमा समेत MPDSR समितिको अभिमुखीकरण तथा गठन।
- ५५ जना सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई नसर्ने रोगको अभिमुखिकरण तालिम सम्पन्न।

## महाशिला गाउँपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न तथा उत्कृष्ट संस्था पुरस्कृत कार्यक्रम सम्पन्न।
- प्रदेश अस्पताल कुस्मा पर्वतको सहकार्यमा हाड,जोर्नी तथा नशा रोग र स्त्री तथा प्रसूति रोग तथा VIA शिविर सञ्चालन।
- विश्व क्षयरोग दिवश एवं विश्व स्वास्थ्य दिवसको अवसरमा समुदाय स्तरमा जनचेतना तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन।
- पालिका स्तर एवं स्वास्थ्य संस्थामा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) समितिको अभिमुखीकरण तथा गठन।



| मोदी गाउँपालिका | फलेवास नगरपालिका |
|---|---|

## मोदी गाउँपालिका

- मोदी गाउँपालिकाको आयोजनामा मिति २०८२।१२।१० गतेका दिन नियमित खोप सुदृढिकरण पुर्ण खोप सुनिश्चितता र दिगोपना तथा सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा गोष्ठी सम्पन्न;
- पोखरा व्यवसायी महिला क्लवको आयोजना, मोदी गाउँपालिको समन्वय तथा हिमालयन आँखा अस्पतालको प्राविधिक सहयोगमा मिति २०८२/१२/०८ देखी १३ गतेसम्म गाउँपालिकाका विभिन्न वडामा सञ्चालन भएको निःशुल्क आँखा जाँच तथा शल्यक्रिया शिविर सफलतापूर्वक सम्पन्न ;
- मिति २०८२/१२/२० गते मोदि गाउँपालिका र हिमाली बालकल्याण संरक्षण मंञ्चको आयोजना तथा १ नम्बर वडा कार्यालयको समन्वयमा भुकताङ्ले स्वास्थ्य चौकीमा स्वास्थ्य चौकी व्यवस्थापन समिती अध्यक्ष तथा वडा अध्यक्ष श्री टेकबहादुर गुरुङ ज्युको अध्यक्षतामा १ दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न
- मोदी गाउँपालिका भित्र रहेका सम्पुर्ण स्वास्थ्य चौकी मातहतमा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी तालिम सम्पन्न ;
- मोदी गाउँपालिकाको आयोजनामा मिति २०८२/१२/२२ देखी २०८२/१२/२४ गते सम्म ३ दिनको स्वास्थ्य संस्थाहरुको असल अभ्यास बाग्लुङ्ग जिल्लाको गल्कोट नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था र मुस्ताङ्ग जिल्लामा अध्ययन अवलोकन संस्थागत आदान प्रदान कार्यक्रम सम्मन्न भएको को अध्ययन अबलोकन गरीएको;
- मोदी गाउँपालिकाको समन्वय तथा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिति २०८२/१२/२७ गते समुदाय स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम निरन्तरता तथा विस्तार कार्यक्रको अभिमुखिकरण MPDSR समितिको सदस्यहरुलाई १ दिने अभिमुखिकरण सम्पन्न भएको ।

## फलेवास नगरपालिका

- स्वास्थ्य संस्था प्रमुख शाखामा कार्यरत स्वास्थ्यकर्मिहरुको मासिक बैठक सम्मन्न भएको;
- फलेवास नगरपालिकाको आयोजनामा १ दिने नियमित खोप सुदृढिकरण पुर्ण खोप सुनिश्चितता र दिगोपना तथा सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा गोष्ठी सम्पन्न भएको छ ।
- ग्लोवल पर्वत समाजको मुख्य आयोजना, ओम मेगाश्री र मेडिप्लस अस्पतालको सह आयोजना तथा फलेवास नगरपालिकाको व्यवस्थापनमा फलेवास नगरपालिका वडा नं ६ मा बृहत स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भयो ।
- फलेवास नगरपालिका भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्था मातहतमा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी तालिम सम्पन्न भएको छ ।
- फलेवास नगरपालिकाको समन्वय तथा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा समुदाय स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम निरन्तरता तथा विस्तार कार्यक्रको अभिमुखिकरण MPDSR समितिको सदस्यहरुलाई १ दिने अभिमुखिकरण MPDSR समितिको अध्यक्ष श्री शोभा कुमारी क्षेत्री ज्यूको अध्यक्षतामा फलेवास नगरपालिकाको कार्यपालिकाको कार्यलयमा सम्पन्न भएको छ ।
- ६ मार्च २४ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत र फलेवास नगरपालिकाको आयोजनामा विश्व क्षयरोग दिवसका अवसरमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेवक स्तरीय हाजिरी जवाफ प्रतियोता सम्पन्न । साथै सो अवसरमा सबै वडामा समुदाय स्तरीय सचेतना कार्यक्रम सम्पन्न ।
- वडाहरुमा विश्व स्वास्थ्य दिवस विभिन्न कार्यक्रम गरि मनाइएको ।

| जलजला गाउँपालिका | विहादी गाउँपालिका |
|---|---|
| • स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न।<br>• विश्व क्षयरोग दिवस २०८२ को अवसरमा जलजला गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूबाट टोल, आमा समूह तथा स्थानीय सरोकारवालाहरूको उपस्थितिमा क्षयरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न।<br>• ज्येष्ठ नागरिक सेवा तथा नसर्ने रोग (NCD) सम्बन्धी परीक्षण शिविर सञ्चालन।<br>• पालिका स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) समितिको अभिमुखीकरण तथा गठन।<br>• सम्पूर्ण स्वास्थ्य संस्था अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) सम्बन्धी तालिम प्रदान तथा वडा स्तरमा समेत MPDSR समितिको अभिमुखीकरण तथा गठन। सलिजा स्वास्थ्य चौकीमा विश्व स्वास्थ्य दिवसको अवसरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सम्पन्न। | • स्वास्थ्य कार्यक्रमको नियमित मासिक प्रगति समिक्षा बैठक सञ्चालन तथा डाटा भेरिफिकेसन सञ्चालन।<br>• वहाकी, शालिग्राम स्वास्थ्य चौकी र गेप्राङ CHU मा दोस्रो पटक ३० वर्ष माथिका नागरिकहरूको मोटोपना (BMI), उच्च रक्तचाप, मधुमेह र मृगौला रोगको स्क्रिनिङ तथा परामर्श सेवा प्रदान ।<br>• आ.व. ०८२/८३ को एकीकृत स्वास्थ्य कार्यक्रमको पालिका स्तरीय अर्धवार्षिक समिक्षा सम्पन्न।<br>• IMNCI कार्यक्रमको पालिका स्तरीय समिक्षा तथा योजना गोष्ठी सम्पन्न ।<br>• वहाकि, उराम र बिहादी स्वास्थ्य चौकीमा १२ जना गर्भवती महिलाहरूलाई घुम्ती ग्रामीण अल्ट्रसाउन्ड सेवा प्रदान ।<br>• विश्व क्षयरोग दिवसको अवसरमा सबै स्वास्थ्य संस्थाहरूबाट विद्यालय तथा समुदायमा सचेतना तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन।<br>• विहादी गाउँपालिका तथा स्वास्थ्य संस्था स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य समिति गठन गरी समिति तथा FCHV हरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न<br>• सबै स्वास्थ्य चौकीहरुबाट पूर्णखोप वडा घोषणाको लागि वडा स्तरीय घरधुरी सर्वेक्षण तथा वडा प्रमाणीकरण सम्पन्न<br>• पोषण नमुना विशेष कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका बालबालिकाहरूको पोषण स्क्रिनिङ तथा परामर्श र व्यवस्थापन । |

**प्रकाशित मिति : ३ वैशाख २०८३**